page_7kpr.qxd 10/1/2008 10:08 PM Page 1



# संविधानसभाको सेरोफेरो

कान्तिपुर विशेष

■ राजेन्द्र फुयाँल

संविधानसभाका ५ सय ९४ सदस्यमध्ये थोरै सभासदमात्र चर्चामा छन् । धेरैले एक-अर्कालाई चिन्दैनन् । संविधान निर्माणको मुख्य काममा प्रवेश नभएका कारण विषयगत दक्षताको पहिचान बनाउने अवसर उनीहरूले पाएका छैनन् । चिनिने र चर्चामा आउने सभासदमा साना दलका धेरै छन् । सभासद शंकर पोखरेलको शब्दमा- 'राष्ट्रिय राजनीतिमा विशेष योगदान गरेका नेतापछि धेरैले चिन्ने सभासद साना दलका हुन् । उनीहरूलाई थोरै सिट हुनुको फाइदा छ ।'

महत्त्वपूर्ण विषयमा हुने बहस र छलफलमा सर्वदलीय प्रतिनिधित्व गराउने संसदीय परम्परा छ । साना दलका नेताले पाइलैपिच्छे अवसर पाइहाल्छन् । 'आफ्नै दलका सबै सभासदलाई चिन्न भ्याएको छैन', पोखरेल भन्छन्- 'साना दलका प्रायःलाई चिनिन्छ ।' यसको फाइदा उठाएर उनीहरूले आफ्नो वाक्कला र प्रस्तुतीकरणमा छिट्टै निखार ल्याएका छन् । पहिले राजनीति परिदृश्यमा नरहेका कतिपय सभासद पनि राम्ररी जमेका छन् । गायत्री शाहदेखि केशव मैनाली, चन्द्रबहादुर गुरुङसम्मलाई नचिन्ने सभासद कमै छन् ।

समयको सदुपयोग गर्ने र विषय केन्द्रित बोल्नमा नेमकिपाका सभासद अग्रपंक्तिमा हुन्छन् । सधैं तयारी गरेर आउने नेमकिपाका सभासद प्रायः लिखित भाषण गर्छन् । धेरैजसो सभासद आफूले पाएको समयमा मुख्य विषयमा प्रवेशै गरेका हुँदैनन् । एक मिनेटको शून्य समयमा मूल विषय उठाउन भ्याउने सभासद ज्यादै थोरै छन् ।

**भूमिगत शैलीमा बबन**

त्रिपुरेश्वरको बमकाण्डका आरोपित बबन सिंहको शैली भने भिन्न छ । उनले संविधानसभामा बोलेका छैनन् । भूमिगत रूपमै चुनाव जितेका सिंह सुटुक्क सपथ लिन आए । आँखा छलेर राजधानी भित्रिएका सिंहले सपथ लिएको जानकारी प्रेसले पनि पछिमात्र पायो । संविधानसभाको पहिलो बैठकमा उनले गणतन्त्र कार्यान्वयनको पक्षमा मतदान गरे । राष्ट्रपति निर्वाचनमा उनी माओवादी समर्थित उम्मेद्वार रामराजाप्रसाद सिंहको पक्षमा उभिए । प्रेससँगभन्दा सभासदसँग पनि उनी त्यति घुलमिल छैनन् । सभासद गगन थापालाई भने उनले प्रभावित पारेछन् । 'कुराकानीमा रमाइला र जोशिला रहेछन्', थापा भन्छन् । सिंह प्रायः संसदमा आउँदैनन् । उनको संसदीय दलको कार्यालय पनि भूमिगत शैलीकै छ ।

पर्यटन मन्त्रालयको भवनमा रहेको सिंहको संसदीय कार्यालय पत्ता लगाउन उति सजिलो छैन । भवनको पश्चिम भऱ्याङबाट एक तला चढेपछि साना चार दल र एक स्वतन्त्र सभासदको कार्यालय देखिन्छ । कार्यालय चिनाउने बोर्ड र एकै सभासद भए पनि 'संसदीय दलका नेता'को 'नेमप्लेट'को लाइनमा बबनको नाम कतै देखिँदैन ।

मूलढोकाको दायाँतिर स्वतन्त्र सभासद सदरूल मियाँको 'नेमप्लेट' छ । लाग्छ, यो उनको मात्र कार्यालय हो । तर उनको कार्यालयभित्रबाट दायाँतिर छिर्ने अर्को कोठा छ । त्यही भूमिगत कोठा बबन सिंहको संसदीय कार्यालय हो । ढोकाको माथि राखिएकाले नेमप्लेट पनि झट्टै देखिँदैन । 'उहाँ त्यत्ति आउनुहुन्न', सचिवालयका एक कर्मचारी भन्छन्, 'कहिलेकाहीं उहाँका मानिस आएर बैठक गर्छन् ।'

**भद्रगोल कार्यालय**

यो भवनमा चार दल र दुई स्वतन्त्र सभासदको कार्यालय हेर्ने कर्मचारी संयन्त्र एउटै छ । नासु सुदर्शन गौतम र बगैंचे भगवती खड्काले यसको जिम्मेवारी पाएका छन् । सानो कार्यकक्षको बायाँतिर खानेपानीको जार, अघिल्तिर कम्प्युटर र टेलिफोन यसका भौतिक पूर्वाधार हुन् । आगन्तुकलाई केही पुराना कुर्सी पनि छन् ।

खड्काको दरबन्दी बगैंचामा हो । तर उनीजस्ता आधा दर्जन बगैंचेले पियनका रूपमा दलका कार्यालयमा काम पाएका छन् । 'बगैंचामा दुई घन्टा काम गरे पुग्थ्यो', उनी भन्छिन्, 'यहाँ पूरै कार्यालय समय बस्नुपरेको छ ।'

अन्तरिम संसदसम्म १२ दलको संसदीय कार्यालय व्यवस्थापन गरेको संसद सचिवालयलाई संविधानभाका २५ दल र दुई स्वतन्त्रको कार्यालय मिलाउने काम समस्या नै बन्यो । भवन र कर्मचारीको चाँजो मिलाउने क्रममा बगैंचेहरू यता आएका हुन् । 'उनीहरूको पनि चाहना छ', सचिवालयका प्रवक्ता मुकुन्द शर्मा भन्छन्, 'भएका कर्मचारीबाटै काम लिन खोजिएको हो ।'

कांग्रेस संसदीय दलको कार्यालय पछाडिको सानो क्षेत्रमा तीन दलको कार्यालय छ । शाखा अधिकृत, नासुसँगै यहाँ खटिनेमा सिनियर लिथो सञ्चालक पनि छन् । तर यहाँ लिथो मेसिन र यससम्बन्धी कुनै काम छैन । माउ पार्टी राप्रपासँगै यसबाट विभाजित राजपा र राप्रपा (नेपाल) को कार्यालय छुट्टाछुट्टै कोठामा भए पनि यी तीन कर्मचारी समूहजस्तै सभाकक्ष पनि एउटै छ । 'बैठक एकैदिन परेको छैन', नासु गोविन्द भण्डारी भन्छन्, 'एकैदिन परिहालेमा फरक-फरक समय मिलाउन आग्रह गर्नुपर्ला ।'

पहिला त्यहाँ सद्भावनाको कार्यालय पनि थियो । दलका नेता आपूर्तिमन्त्री राजेन्द्र महतोले यहाँ अप्ठ्यारो भयो भनेपछि उनको कार्यालय सचिवालयको मूल भवनमा सारिएको छ । त्यसै भवनको प्राकृतिक स्रोत-साधन समितिको कार्यालयलाई मनोनीत सभासदको कक्ष बनाइएको छ । मनोनीतबाट सपथ लिएका २५ मध्ये प्रायःजसोलाई यहाँ आउने कामै परेको छैन ।

एमाले संसदीय दल पछाडिको स-साना कोठामा ६ दलका कार्यालय छन् । नेकपा (एकीकृत), संयुक्त, राष्ट्रिय जनमोर्चा, नेमकिपाको लाइनमा जनता दल र लोकतान्त्रिक समाजवादी दलले कार्यालय पाएका छन् । माओवादी, फोरम, तमलोपासहित बाँकी दलको कार्यालय सभामुखको कार्यालय पछाडि सचिवालयको नयाँ भवनमा छ । यसै भवनको पुस्तकालयमा अधिकांश सभासद पुगेका छैनन् ।

गुजुमुज्ज रहेका दलका कार्यालयमा भने खासै चहलपहल हुँदैन । संविधानसभा भवन नयाँवानेश्वरमा बैठक बस्ने भएकाले सिंहदरबारका कार्यालय प्रायः सुनसान हुन्छन् । धेरैजसो सभासद तलबभत्ता बुझ्न र अन्य प्रशासनिक कामका लागिमात्र सिंहदरबार जान्छन् । जिल्लाबाट आएका कतिपय सर्वसाधारण र कार्यकर्ता भने माननीय खोज्न सिंहदरबार जान्छन् ।

**क्यान्टिनमा गोजी टाट**

कार्यालय नभएका कारण संविधासभा बैठकबाट फुर्सद मिलेका बेला सभासद टहलिने ठाउँ हो, टेन्टमुनिको क्यान्टिन । भोजपुरे साहू/साहुनीले चलाउँदा क्यान्टिनमा पैसा तिरेर पनि खानेकुरा नपाइएको गुनासो गर्थे सभासद । फेरिएको व्यवस्थापनमा उनीहरूलाई 'नखाऊँ भने दिनभरिको सिकार, खाऊँ भने कान्छा बाउको अनुहार' भनेझैं भएको छ । खानेकुराको मूल्य सुनिनसक्नुछ । १० रुपैयाँ कपको चिया, २४ को लालमोहन....।

'नेता भएपछि आफ्नोमात्र तिरेर भएन', माओवादी सभासद टोपबहादुर रायमाझी भन्छन् । पुगोस् पनि कसरी, पार्टीले काट्ने लेबी १५ हजार, स्वकीय सचिवलाई १४ हजार छुटचाउँदा ४५ हजार ५ सय ९८ बाट कर कटाएर लिएको पारिश्रमिकमा उनीसँग कति नै बाँकी हुन्छ र ? 'जिल्लाबाट आएका कार्यकर्ता फर्कने भाडा छैन भन्छन्', उनी भन्छन्, 'अस्पताल जाने खर्च छैन भन्न आउने पनि उत्तिकै हुन्छन्, कसरी पुऱ्याउनु ।' माओवादीका केही सभासद सामूहिक सेल्टरमा बस्छन् । सामूहिक खाँदा सस्तो पर्ने उनीहरूको अनुभव छ । माओवादीकै प्रायः ठूला नेताहरू परिवारसँग निजी निवासमा बस्छन् ।

अर्थमन्त्री बाबुराम भट्टराईलाई पनि क्यान्टिन निकै महँगो लागेको छ । 'यो त ब्रह्मलुट रहेछ', दुई कप चिया र कुकिजको बिल काटेपछि उनले भने । 'यो कसले गरेको रहेछ ?' अर्को टेबुलमा रायमाझीसँग गफिएका पत्रकारसँग भट्टराईले सोधे । 'सचिवालयकै समितिले ठेक्का दिएको हो', पत्रकार विष्णु बुढाथोकीले भने, 'कमरेड परी थापा संयोजक हुनुहुन्थ्यो ।'

उहाँले युरोप, अमेरिका गएर संसदको क्यान्टिन अवलोकन गरेपछि त्यही स्तरमा यहाँ व्यवस्थापन गर्न राखेको प्रस्ताव अर्थमन्त्रीलाई एक पत्रकारले सुनाइदिए । 'मुखमा कसरी खाने भनेर पनि हेर्न जानुपऱ्यो भन्लान् नि ?' भट्टराईले निधार खुम्च्याए । महँगीको मार सभासद, कर्मचारी, दर्शक र पत्रकारलाई मात्र होइन, राज्यकोषलाई पनि पर्छ । सचिवालयको अतिथि सत्कार, बैठक र अन्य कार्यक्रमको चियानास्तामा अब लाखौं बढी तिर्नुपर्नेछ ।

प्रतिस्पर्धीले भन्दा बढी दर राखे पनि दरबारमार्गको किङ्सवर्गले क्यान्टिन ठेक्का पाएको हो । सरकारी कार्यालय परिसरमा सहुलियतमा खाना-खाजाका लागि राखिने यस्ता क्यान्टिनमा सञ्चालनले भाडा, बत्ती र धाराको समेत शुल्क तिर्नु पर्दैन ।



चिनिने र चर्चामा आउने सभासदमा साना दलका धेरै छन् । राष्ट्रिय राजनीतिमा विशेष योगदान गरेका नेतापछि धेरैले चिन्ने सभासद साना दलका हुन् । उनीहरूलाई थोरै सिट हुनुको फाइदा छ ।

# शिविरका टिठलाग्दा अनुहार



वीणा सिन्हा

कोशीको बाढीले बहिनी-ज्वाइँको गाउँ डुबाएपछि परमेश्वर साह उनीहरूको खोजीमा निस्केका छन् । विस्थापितका शिविरमा चेलीबारे केही पत्ता नलागेपछि डुंगाको सहायताले पनि खोजी गरे, तर सबै प्रयास असफल भयो । निराश बनेर घर फर्के, तर उनको आँखाबाट आँसु बन्द भइरहेको छैन । अनेक कोसिसका बाबजुद बहिनी-ज्वाइँ र भान्जा-भान्जीको कुनै खबर पाएका छैनन् ।

सप्तकोशीको विकराल बाढीमा परेका हजारौं परिवार विस्थापित भएर सुनसरी र सप्तरीका शिविरमा बस्न बाध्य छन् । रेकर्ड अनुसार विस्थापितको संख्या ४५ हजार ५ सय ७५ छ । त्यसमध्ये महिला १२ हजार २ सय ९० छन् । १४ वर्षमुनिका बालबालिकामात्र १० हजार ५ सय ५५ जना छन् ।

मधेसी विस्थापितलाई शिविरमा पनि सामाजिक परम्पराले अप्ठ्यारोमा पारेको छ । पुरुष आफ्नै तालले समय कटाइरहेछन् । तर महिलाको स्थिति साह्रै टिठलाग्दो छ । कहिल्यै घर-आँगनबाट बाहिर खुट्टा नटेकेका महिला विरानो ठाउँमा बस्न बाध्य छन् । उनीहरूमा उकुसमुकुस छ । आफन्तबाट टाढा, नचिनेका मान्छेबीच उनीहरू छक्क परेर दिनरात काटिरहेछन् । उनीहरूको अनुहारबाट अहिले पनि घुङघट हटेको छैन । कोशीको बाढीले स्त्री-पुरुष बीचको भौतिक आवरणलाई हटाइदिए पनि शिविरमा महिला बालबालिकाको स्थिति राम्रो छैन । शिविरमा सयौं गर्भवती महिला छन् । उनीहरू उचित देखभाल, खानपान तथा स्वास्थ्यपरीक्षणबाट वञ्चित छन् । विस्थापित सुत्केरी तथा गर्भवतीका लागि ढिलै भए पनि स्याहारकेन्द्र स्थापना भएको छ । शिविरमा २० जनाले बच्चा जन्माइसकेका छन् भन्ने ८ सय ८७ जनाको नाम गर्भवतीको रूपमा रेकर्ड गरिएको छ ।

जयचन्द्रको बच्चा जन्मिएका थिएनन् । धेरै उपचारपश्चात् उनकी पत्नी गर्भवती भइन् । पूरा परिवार नयाँ बच्चाको आगमननिम्ति उत्साहित थियो । तर बाढीले उनीहरूको उत्साहमा पानी फेरिदियो । उनीहरूका सबै सपना चकनाचुर भए । बाढीको पानीले जयचन्द्रकी पत्नीलाई बगाएर कहाँ पुऱ्यायो, आजसम्म थाहा छैन । उसका आँखा एकबाट अर्को शिविरमा खोज्दा-खोज्दै थाकेर गलेका छन् ।

हरिपुर- ६ लउकहीका ३४ वर्षीय राजदेव भण्डारी पनि अहिले यस्तै पीडा भोगिरहेछन् । उनका आमाबुबा, छोरछोरी र श्रीमतीको अवस्थाबारे कुनै जानकारी पाइएको छैन ।

श्रीमती गर्भवती थिइन् । श्रीमतीको स्थिति कस्तो छ, थाहा छैन । ६ महिनाकी गर्भवती अस्मिना खातुनको ६ दिनदेखि खुट्टा र शरीर सुन्निएको छ । उनको उपचार हुनसकेको छैन । चिसोमा बस्नुपर्ने र पोषिलो खाना नभएकाले समस्या झन् बिग्रँदै छ । ८ महिनाको गर्भ रहेकी जुभेदा खातुनको अवस्था पनि कम टिठलाग्दो छैन । सुनसरी पश्चिमी कुमाही-९ की जयावती कामत सुत्केरी भएको १५ दिनमात्र भएको छ । पोषिलो आहार र न्यानोमा बस्ने बेला हो, तर चिसो सिमेन्टीको भुइँमा पाल ओछ्याएर उनले रात काट्नुपरेको छ । खानाको पनि टुंगो छैन । जयावती भन्छिन्, मैले त जसोतसो धानेको छु, तर खाना र बसाइको असुविधाले दूध नआएर नानीलाई साह्रै समस्या परेको छ ।

शिविरमा बसोबास गरिरहेका महिलाको स्थिति स्पष्ट गर्दै अर्की सुत्केरी महिला सविताले भनिन्, चिसोले गर्दा बस्न नै नसक्ने भएको छ । शिविर हेर्न आएका केही दयालुले लुगा र अन्य सामान दिने गरेका छन् । त्यसैको भरमा दैनिक जीवन काट्दै आइरहेछन्, शिविरका सुत्केरी ।

बाह्र दिनको सुत्केरी कैलीदेवी श्रादषिदेव चिउरा र भुजाका भरमा शिविरमा शिशु च्यापेर बसेकी छिन् । दूध खान नपाएर बच्चा रोएको-रोयै छ । आफैंले खान नपाएकाले दूध पनि आउन छाडयो । चार दिनदेखि भात खान पाएको छैन, उनले भनिन् । शिविरमै रहेकी पश्चिम कुसाहाकी सनियादेवी ९ महिनाकी गर्भवती हुन् । उनले पनि चार दिनदेखि चिउरा र नुनबाहेक केही खान पाएकी छैनन् । सुत्केरी हुने बेला हुनलाग्दासम्म उनले स्वास्थ्यपरीक्षणसमेत गराउन पाएकी छैनन् ।

महिला पुनःस्थापना केन्द्र ओरेकअनुसार शिविरमा गर्भवती र सुत्केरी महिलाका लागि उचित स्वास्थ्यपरीक्षण र देखभालको व्यवस्था पुगेको छैन । यसकारण उनीहरूका लागि छुट्टै व्यवस्था आवश्यक छ । शिविरमा बस्ने ठाउँको प्रबन्ध गर्न नसक्दा सुत्केरी र नवजात शिशुको स्वास्थ्यमा समस्या उत्पन्न भएको एमनेस्टीका डाइरेक्टर राजधन मण्डलले बताउनुभयो ।

विस्थापितमध्ये बालबालिकाको स्थिति दयनीय छ । स्वस्थ पानी र पौष्टिक आहारको अभाव प्रत्येक शिविरमा देखिन्छ । चिसोको बसाइ र सरुवा रोग बढेपछि हजारौं बालबालिका बिरामी परेका छन् । झाडापखालाबाट कति जनाको मृत्यु भयो ? अझै भन्न सकिन्न । एउटा बिस्कुट र पाउरोटीका लागि दौडिरहेका भोका अर्धनग्न बच्चा तथा लामो लाइनमा खानाका लागि लागिरहेका उदास बिरामी बच्चा देखेर लाग्छ, प्रकृतिले यी मासुममाथि बर्बरता पोखेको छ । आमाबुबा तथा आफन्तबाट कति बच्चा छुट्टिएका छन् ? यी बच्चाको स्कुल छुटेको छ । प्रभावित क्षेत्रमा १४ वर्षसम्मका ११ हजार बालबालिका स्कुल जानबाट वञ्चित छ ।

बाढीको विपत्तिले कसैलाई पनि छोडेन । शिविरमा रहेका एक्ला महिला एवं युवतीहरू प्रकृतिको विनाशकारी खेलका सिकार त भए-भए, त्यसबाहेक मानव राक्षसबाट पनि कम पीडित भएका छैनन् । शिविरमा सिकार बनाउन खोज्ने बाजहरू कम छैनन् । एकले अर्कालाई भन्न नसकिने शारीरिक एवं मानसिक समस्याहरू शिविरमा दोहोरिइरहेछन् । भोगिरहेकीहरू बयान गर्न चाहन्नन्, केही बोल्यो, यही बेइजतको कारण बन्छ ।

सुनसरीको एक शिविरमा बसोबास गरिरहेकी मनीषा भन्छिन्, हामीजस्ता आपतमा फँसिरहेका युवतीमाथि राहत दिने नाममा यौनशोषण भइरहेछ । अनावश्यक जिस्क्याउने, घोचपेच गर्ने, शारीरिक स्पर्श गर्ने, एकान्तमा भेटेको बेला समात्ने र जबर्जस्ती गर्न खोज्ने, सहानुभूतिको नाममा शारीरिक र मानसिक उत्पीडन गरेको शिविरमा सबैले देख्न सक्छ । त्यस्तालाई तत्काल कारबाही हुनसकेको छैन ।



कहिल्यै घर-आँगनबाट बाहिर खुट्टा नटेकेका महिला विरानो ठाउँमा बस्न बाध्य छन् ।

## समय/सन्दर्भ

balaram@kantipur.com.np

■ बलराम बानियाँ



# 'क्रमभंग' नै भ्रमणको उपलब्धि

माओवादी अध्यक्ष दाहालको नेतृत्वमा सरकार गठन भएको डेढ महिना भएको छ । नयाँ सरकार बजेटसँगै 'भ्यागुता शैली'मा उफ्रन खोज्दैछ । आलोचना गर्नेले त छोटो अवधिमा पनि धेरै उपलब्धि खोज्लान्, तर अरूले उफ्रन सुरु नहुँदै टिकाटिप्पणी गर्नु अलि हतारो हुन्छ । फेरि एकाध अनुभवी मन्त्रीबाहेक लामो सशस्त्र युद्धपछि भर्खर पदमा आसीन नयाँ मन्त्रीहरूले धेरै कुरा बुझ्नै बाँकी छ । त्यसमाथि पनि प्रधानमन्त्री दाहाल र धेरैजसो मन्त्रीले कुर्सीमा बसेर आफ्नो दायित्वबारे सोच्नसमेत भ्याएका छैनन् । विदेश भ्रमणै भ्याई-नभ्याई छ । हिजो जीवनमरणको लडाइँमा रहेका माओवादी नेताहरूलाई जिन्दगीमै पहिलोपटक विदेश भ्रमण गर्ने मौका मिलेको छ । कुवाको भ्यागुतालाई भन्दा विश्वका धेरै देश घुमेको र त्यहाँको अनुभव अध्ययन गर्न पाएकाहरूले नै मुलुकका लागि केही बढी गर्न सक्छन् । यसर्थ प्रधानमन्त्री र मन्त्रीहरूको जुन विदेश दौडाहा चलिरहेको छ, त्यसलाई नितान्त सकारात्मक रूपमा लिनुपर्छ । बाह्रवर्षे कालमा कांग्रेस-एमाले मन्त्रीहरूले लामो समयमा थोरै भ्रमण गरे, जुन फगत उनीहरूका लागिमात्र भयो । नयाँ मन्त्रीहरूले छोटो समयमा लामो भ्रमण गरेका छन् । हिजोका नेताले छोटो भ्रमणमा आफू र आफ्नो परिवारका लागिमात्र सोच्न भ्याए, आज क्रान्तिकारी नेताले लामो भ्रमण अवधिमा आफ्नोमात्र होइन, मुलुककै बारे सोच्न भ्याउनेछन्, जसले गर्दा माओवादीका नेताहरूका भ्रमण उपलब्धिमूलक हुनेछन् ।

प्रधानमन्त्री दाहाल राष्ट्रसंघीय महासभामा सहभागी भएरमात्र होइन, महाशक्ति राष्ट्र अमेरिकाका राष्ट्रपति जर्ज बुससँग हात मिलाउँदै भलाकुसारी गरेर मंगलबार स्वदेश फर्केका छन् । दाहालले प्रधानमन्त्री भएदेखि मुलुक, जारी शान्ति प्रक्रिया र नयाँ संविधान निर्माणबारे राम्ररी सोच्न भ्याएका छैनन् । उनको डेढ महिने अवधि भ्रमणमै बित्यो । सपथ खाएको भोलिपल्टै दाहालले कूटनीतिक परम्पराको क्रमभंग गर्दै विश्व ओलम्पिकमा भाग लिन पहिलो विदेश भ्रमण चीन गरे । यो क्रमभंगलाई नै उनले ठूलो उपलब्धि ठानेका थिए । त्यो पनि धेरै दिन रहेन । क्रमभंग हुँदा भारत चिढिन्छ कि भन्ने चिन्ता प्रधानमन्त्रीमा रहेछ र तत्काल उनले भारतमा 'पहिलो राजनीतिक भ्रमण' गर्दै कूटनीतिक सन्तुलन मिलाए, जसलाई उनको कूटनीतिक चातुर्य नै मान्नुपर्छ । त्यसपछि उनी राष्ट्रसंघीय महासभामा भाग लिन अमेरिका पुगे । त्यहाँ उनले बुससित संक्षिप्त कुराकानी, विभिन्न मुलुकका सरकार प्रमुख र महासचिव बान की मुनसित भेटवार्ता गर्न पाए, जुन प्रधानमन्त्रीका लागि नयाँ अनुभव थिए । महासभा दाहालका लागि विश्वभरका नेताहरूसित चिनजान र सम्बन्ध विस्तार गर्ने स्वर्णिम अवसर बन्यो । भ्रमणको उपलब्धि नै त्यही हो ।

प्रधानमन्त्रीले अमेरिकी राष्ट्रपति बुसले रिसेप्सनमा बोलाउनु र हात मिलाउँदा-मिलाउँदै दुई मिनेट आफूसित कुराकानी गर्नुलाई उपलब्धिमूलक मानेका छन् । अमेरिकाले माओवादीलाई आतंककारी समूहको सूचीमा राखिरहेकै बेला बुसले दाहालसित हात मिलाउनु पनि एक हदसम्मको उपलब्धि हो, त्यसलाई सशस्त्र युद्ध हुँदै शान्ति प्रक्रियाबाट सरकारको नेतृत्वमा पुगेको माओवादीसित अमेरिकाको सम्बन्ध सुधारका रूपमा मात्र होइन, नेपालको राजनीतिक यथार्थलाई आत्मसात र स्वीकार गर्न ऊ बाध्य भएको रूपमा हेर्न सकिन्छ । बुससित दाहाल पग्लिएका हुन् कि दाहालसित बुस ? हिजो माओवादीलाई साम्राज्यवादी अमेरिकाको केही पनि मनपर्दैनथ्यो । त्यही पार्टीका प्रधानमन्त्रीलाई भ्रमणपछि आज सबै कुरा मनपर्न थालेको छ । दाहाललाई अमेरिकामात्र होइन, त्यहाँको विकास, बुस, उनको हाउभाउ, बोलीवचन र उपविदेशमन्त्री रिचर्ड बाउचरसितको कुराकानी एक-एक कुरा मनपर्न थालेको छ । अझ उनी त बुसको 'बडी ल्याङ्वेज'को समेत फचान नै भएछन् । छोटो समयममा प्रधानमन्त्रीले वचनमा धेरै कुराकानी गर्न पाएनछन्, उनले शारीरिक हाउभाउबाट कूटनीतिक वार्ता अघि बढाएछन् । त्यसरी वार्ता गर्नसकेकामा प्रधानमन्त्रीलाई मुलुकका तर्फबाट आभार व्यक्त गर्नैपर्छ ।

बुसको शरीर पनि धन्य, जसले दाहालको शरीर-शरीरबीच संवाद गर्ने चाहलाई पनि पूर्ति गरिदिएछ । दाहाल भन्छन्, 'बुससितको भेटवार्तालाई मैले निकै सकारात्मक रूपमा लिएको छु । सुरुमा हात मिलाउँदै बुसले हालखबर सोधे । नेपालमा हामीले ठूलो राजनीतिक क्रान्ति गरेका छौं, द्रुतगतिको आर्थिक प्रगति हाम्रो 'मिसन' हो, त्यसमा तपाईंहरूको सहयोग र समर्थन चाहियो भन्ने कुरा मैले प्रस्ट राखें । उभिएर गरिएको छोटो भेटघाटमा बुसलाई सकारात्मक पाएँ । भेटघाटमा बुसको 'बडी ल्याङ्वेज' सकारात्मक थियो ।' यस अघिका प्रधानमन्त्रीले राष्ट्रपतिसित हात मिलाएर सामान्य भलाकुसारी र विदेशमन्त्रीसित विस्तारमा कुराकानी गर्थे ।

विदेशमन्त्रीसित वार्ता गर्न जुरेनछ क्यार दाहालले उपविदेशमन्त्रीसित भए पनि वार्ता गरेरै छाडे । उनी माओवादीलाई अझै पनि आतंककारी सूचीमा राखेकामा अमेरिकी नीतिको विरोध गर्न चुकेनन् । महाशक्ति राष्ट्रसामु सानो मुलुकको आपत्ति राख्नसक्नु र त्यसलाई सकारात्मक रूपमा लिइनुलाई पनि आफैंमा उपलब्धिमूलक मान्नैपर्छ ।

प्रधानमन्त्रीको त्रिदेशीय भ्रमणको उपलब्धि त्यत्तिमा मात्र सीमित छैन । उनले कूटनीतिक प्रचलनका अरू आयाममा समेत क्रमभंग गरेका छन् । यस अघिका प्रधानमन्त्रीले विदेश भ्रमणमा जाँदा परिवारका एकजना अर्थात् पत्नीलाई मात्र प्रथम महिलाका रूपमा लाने प्रचलन थियो । सबभन्दा धेरैपटक प्रधानमन्त्री भएका कोइरालाले पत्नी नभएकाले छोरी सुजातालाई प्रथम महिलाका रूपमा भ्रमणमा लाने गर्थे । दाहालले त्यो परम्पराको समेत क्रमभंग गरेका छन् । उनले पत्नीलाई प्रथम महिलाका रूपमा मात्र होइन, छोरालाई प्रथम पुत्रका रूपमा समेत भ्रमणमा लगे । उनले दसवर्षे सशस्त्र द्वन्द्वको बलमा 'सामन्ती कूटनीतिक प्रचलन'को क्रमभंग गरिदिए, जसका कारण पत्नी सीताले मात्र होइन, छोरा प्रकाशले पनि चीन, भारत हुँदै अमेरिकाको भ्रमण गर्ने अवसर पाए । अरूले भए छोरालाई फगत छोराकै रूपमा मात्र विनादायित्व लान्थे, क्रान्तिकारी नेता दाहालले त्यस्तो भूल पनि गरेनन् । उनले छोरालाई होइन, पार्टीको एउटा जिम्मेवार सदस्यलाई कम्प्युटर स्टाफका रूपमा लगे । प्राविधिक ज्ञान भएको पार्टीको जिम्मेवार सदस्य भए प्रधानमन्त्रीको भ्रमणमा पत्नीसँगै छोरालाई पनि लान सकिने जुन नयाँ क्रम सुरु भएको छ, त्यो पनि भ्रमणको एउटा चर्चालायक उपलब्धि हो । यति राम्रो क्रमभंगतालाई पनि पत्रकारहरू स्वीकार्न सक्तैनन् र परिवारवाद देखिहाल्छन् । पत्रकारको यो छुच्चोपनको प्रधानमन्त्रीले चोटिलो प्रतिवाद गर्दै भने, 'परिवारको सदस्यलाई अमेरिका लगिएको छैन । प्रकाश मेरो छोरो त हो । तर ऊ संगठनको एउटा जिम्मेवार सदस्य हो । मैले उसलाई कम्प्युटर स्टाफका रूपमा लगेको हुँ, दुरुपयोग गरेको होइन ।' क्रान्तिकारी नेताले दुरुपयोग गर्दैनन्, क्रमभंग गर्छन् र नयाँ इतिहास रच्छन् । सबैलाई चेतना भया ।

बुससित दाहाल पग्लिएका हुन् कि दाहालसित बुस ?

# दोहोरो नागरिकताको प्रतिबद्धता



डा हेमराज शर्मा

सरकारले नीति तथा कार्यक्रममार्फत गैरआवासीय नेपालीलाई नागरिकता दिने सम्बन्धमा ऐनमा संशोधन गर्ने प्रतिबद्धता जनाएपछि गैरआवासीय नेपाली उत्साहित भएका छन् । दोहोरो नागरिकताको शब्दावलीले एउटै व्यक्ति एकभन्दा बढी देशको नागरिक बन्न पाउने अधिकारलाई जनाउँछ । विश्वव्यापीकरणको प्रभावले एक देशको नागरिक अर्को देशमा बस्ने प्रवृत्तिमा व्यापक वृद्धि हुँदै गएकाले धेरै देशहरूले दोहोरो नागरिकतालाई मान्यता दिनथालेका छन् । अमेरिका, अष्ट्रेलिया, बेलायत, क्यानाडा, फ्रान्स, इटली, स्वीजरल्यान्ड, रूसजस्ता विकसित राष्ट्रमात्र नभएर दक्षिण एसियाका भारत, श्रीलंका, पाकिस्तान, बंगलादेश, माल्दिभ्स तथा अन्य विकासोन्मुख र अल्पविकसित राष्ट्रहरू फिलिपिन्स, मेक्सिको, पेरु, घाना, दक्षिण अफ्रिका, लेबनानदेखि लिएर सिरियाजस्ता अरब मुलुकका राष्ट्रियताप्रति बढी कट्टरपन्थी देश गरी विश्वका आधाभन्दा बढी देशहरूले कुनै न कुनै प्रकारको दोहोरो नागरिकता (पूर्ण वा आंशिक अधिकारप्राप्त) लाई मान्यता दिएका छन् । नेपालको नागरिकता ऐन, ०६३ को दफा १०/१ मा उल्लिखित नेपालको कुनै नागरिकले आफूखुसी कुनै विदेशी नागरिकता प्राप्त गरेपछि नेपालको नागरिकता कायम रहने छैन भन्ने प्रावधानले विदेशी नागरिकता लिने नेपालीहरू भने आफ्नो नेपाली नागरिकता त्याग्न बाध्य छन् ।

विदेशी नागरिकता लिनेहरू देशप्रति माया नभएका पलायनवादी हुन् भन्ने संकीर्ण विचार यदाकदा सुनिन्छ । सबैले देशप्रति वितृष्णा भएर विदेशी नागरिकता लिएका हुँदैनन् । विकसित मुलुकको नागरिक हुँदा त्यहाँका नागरिकसरह रोजगारी पाउने, व्यापार व्यवसाय सञ्चालनमा सहज हुने, बालबच्चाको शिक्षा-स्वास्थ्य सहुलियत पाउने, पेन्सन सुविधा हुने, वृद्धावस्थामा रेखदेख पाउने, आवात-जावतमा सहज हुने आदि कारणले अभिप्रेरित भएर विदेशी नागरिकता लिए पनि उनीहरूको भावना नेपालसँग जोडिएको हुन्छ ।। नेपालको शान्ति र समृद्धिमा आफ्नो हैसियत योगदान गर्ने उद्देश्यले सुरु गरिएको गैरआवासीय नेपाली अभियानले छोटो समयमा विदेशका नेपालीमाझ हासिल गरेको लोकप्रियताले यसलाई स्पष्ट गर्छ ।

मुटुभरि देशको माया र हरेक पल नेपाली संस्कृति अंगीकार गरे पनि गैरनेपाली हुनुपर्ने बाध्यता छ । आफ्नै देशमा जाँदा पनि भिसा लिएर जानुपर्ने, नेपाली भए पनि खै त मेरो नेपाली चिनारी भनेर प्रश्न सोध्ने छोराछोरीप्रति नाजवाफ हुनुपर्ने परिस्थितिले खिन्न बनाउने गर्छ ।

बाहिर बस्ने नेपालीका यस्ता भावनाबाट प्रेरित भएरभन्दा पनि यिनीहरूबाट देशमा लगानी भित्र्याउने आशामा सरकारले दोहोरो नागरिकताको प्रतिबद्धता देखाएको बुझ्न कठिन छैन । आफ्नो खुट्टामा उभिन प्रयत्नरत पहिलो पुस्ताको डायस्पोरा भएकोले गैरआवासीय नेपाली समृद्धिउन्मुख भए पनि नेपालमा ठूलो आर्थिक लगानी भित्र्याउन सक्षम छैनन् । दक्षिण एसिया बाहेकका ५५ देशमा २० लाख नेपाली वा नेपालीमूलका नागरिक भएको अनुमान गरिएको छ । यीमध्ये प्रायशः निम्नवर्गीय पृष्ठभूमि भएका मध्यपूर्व र मलेसियामा अल्पकालीन रोजगारमा गएका १३ लाख नेपालीले आर्जन गरेको रकम नेपालमा बस्ने परिवारका सदस्यहरूको रोजीरोटीमा सीमित हुने गरेको छ । युरोप र अमेरिका लगायतका अन्य देशमा भएका अधिकांश नेपाली पनि ठूलो परिणाममा लगानी गर्ने स्थितिमा अझै पुगेका छैनन् ।

जर्मनी, जापानजस्ता देशमा दोहोरो नागरिकताको प्रावधान नभएकाले त्यहाँका नेपालीबाट भित्रिने लगानीमा कुनै असर गर्ने छैन । तर अमेरिका, अष्ट्रेलिया, बेलायत, क्यानाडा, रूसजस्ता दोहोरो नागरिकतालाई मान्यता दिएका देशमा भएका नेपालीबाट भने केही मात्रामा लगानी भित्रिन सहज हुनेछ । दोहोरो नागरिकता नभए पनि गैरआवासीय नेपालीले नेपालमा स्वास्थ्य, शिक्षा, जलस्रोत, मिडिया, सञ्चार, पर्यटन आदि विविध क्षेत्रमा उल्लेख्य लगानी गरिरहेका छन् । दोहोरो नागरिकताको प्रावधान नभएका कारणले लगानीमा गरेको असरबारे अध्ययन गर्नु जरुरी छ । नेपालीको नाता नटुटाउने हो भने यो पुस्ता आफूले आर्जन गरेको ज्ञान, सीप, पुँजी र प्रविधि नेपाल भित्र्याउन अभिप्रेरित हुनेछ । नेपाली संस्कृति र पहिचान विश्वभर फैलाउन र जीवन्त राख्न यी पुस्ताका नेपालीले अवैतनिक दूतको काम गर्नेछन् र विश्वलाई नेपालसँग जोड्न पुलको काम गर्नेछन् ।

पूर्वगोर्खा सैनिक र उनीहरूका परिवारलाई नागरिकता दिने बेलायत सरकारको निर्णयले नेपाललाई आफ्नो नागरिकतासम्बन्धी नीतिमा पुनःविचार गर्न बाध्य बनाएको छ । अर्को देशको नागरिकता लिएपछि नेपालको नागरिकता स्वतः समाप्त हुने र नेपालमा सम्पत्ति राख्ने अधिकारबाट समेत वञ्चित हुनेहुँदा पूर्वगोर्खा सैनिकमा नेपालको घरखेत बेचेर पुँजीसहित बेलायत पलायन हुने लहर बढेको छ । बेलायती सेनामा हरेक वर्ष २ सय ५० सैनिक सेवानिवृत्त हुन्छन् । एक सैनिकको चारजना परिवारका सदस्यहरूको हिसाबले हरेक वर्ष अनुमानित एक हजार नेपाली बेलायती नागरिक हुनेछन् अर्थात् प्रत्येक वर्ष नेपालले एक हजार नागरिक गुमाउनेछ । त्यसैगरी ठूलो मात्रामा गोर्खा सैनिकबाट वर्षेनि भित्रिने रेमिटेन्स पनि उनीहरूको परिवार नै बेलायत आएपछि घटिरहेको छ । अमेरिका, क्यानाडा, अष्ट्रेलिया आदि विकसित देशमा स्थायी बसोबास गर्ने नेपालीको संख्या पनि बढ्दो छ । वर्षौं चल्ने यस प्रक्रियाले यिनीहरूबाट प्राप्त हुने रेमिटेन्स आदिमा नेपालीलाई कति घाटा हुनेछ, आफैं अनुमान गर्न सकिन्छ ।

विश्वमा विभिन्न खालका दोहोरो नागरिकताको व्यवस्था छ । बेलायत, अमेरिकाजस्ता विकसित मुलुकमा दोहोरो नागरिकता लिने नागरिकलाई विनासर्त सामान्य नागरिकसरह हक-अधिकार प्रदान गरिएको छ । दक्षिण एसियाका मुलुकमा भने फरक व्यवस्था छ । भारतले सिधै दोहोरो नागरिकता नभनेर 'ओभरसिज सिटिजन अफ इन्डिया (ओसीआई)' भन्ने गरेको छ । यस्तो नागरिकता लिनेलाई मतदान गर्ने, चुनाव लड्ने वा संवैधानिक पद धारण गर्ने अधिकारबाहेक अन्य अधिकार सामान्य भारतीयसरह दिइएको छ भने श्रीलंकाले देशलाई आर्थिक वा अन्य किसिमले योगदान पुऱ्याउनुपर्ने सर्तसहित दोहोरो नागरिकता दिने गरेको छ ।

विदेशी नागरिकता प्राप्त गरेपछि नेपालको नागरिकता त्याग्नुपर्ने ऐनको प्रावधान हटाउने हो भने भविष्यमा विदेशी नागरिकता लिने नेपालीले नेपाली नागरिकता कायम राख्न सक्नेछन् । नेपाली नागरिकता त्यागिसकेका पूर्वनेपालीहरू भने यस सुविधाबाट वञ्चित हुनेछन् ।

हामी संविधान लेखनको क्रममा भएकाले संविधानबाटै सबै खालका गैरआवासीय नेपालीलाई दोहोरो नागरिकता सुनिश्चित गर्न सकिन्छ । सबै खालका गैरआवासीय नेपाली भन्नाले दुई-चार पुस्ता पहिले नेपाल छाडिसकेका बर्मा लगायतका नेपालीमूलका लाखौं नागरिकबारे प्रश्न आउन सक्छ । तर जहाँ इच्छा त्यहाँ उपाय भनेझैं यसको पनि समाधान निस्कन सक्छ । भारतले १९५० सालसम्म भारतका नागरिक भएका र तत्पश्चात अन्य मुलुकका नागरिकता लिएका (बंगलादेश र पाकिस्तानबाहेक) भारतीयलाई दोहोरो नागरिकता दिने व्यवस्था गरेजस्तै कुनै निश्चित अवधिसम्म नेपाली नागरिक कायम रहेका नेपालीमात्र दोहोरो नागरिकताको व्यवस्था गर्न सकिन्छ ।

नेपालमा द्रुतगतिमा हुँदै गएको राजनीतिक र सामाजिक रूपान्तरणले नागरिकताको सम्बन्धमा भएको परम्परागत सोच र समस्या दुवैमा परिवर्तन आएको अपेक्षा गर्न सकिन्छ । दलगत तथा अन्य राजनीतिक स्वार्थबाट माथि उठेर आफ्नो नागरिकको 'एकपटकको नेपाली सधैंको नेपाली' बन्न पाउनुपर्ने आग्रहलाई सबै दलले सकारात्मक रूपमा लिनेछन् ।

*(लेखक, गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदका सदस्य हुन् ।)*



'एकपटकको नेपाली, सधैंको नेपाली !'